मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २८ गते बिहीबार ❑ 12 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## प्रतिनिधिसभा सदस्य समानुपातिकतर्फको मतगणना सम्पन्न

**रासस**
काठमाडौं, २७ फागुन

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीको मतगणना सम्पन्न भएको छ।

पछिल्लो समय गोरखा १ र इलाम १ को मतगणना सकिएसँगै समानुपातिकतर्फ पनि सबै मतगणना सकिएको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो । मतगणना सकिएसँगै फारम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट आयोगमा विवरण प्राप्त हुने क्रम भने जारी रहेको उहाँले बताउनुभयो । समानुपातिकतर्फको मतगणना सकिएसँगै समानुपातिकतर्फ राजनीतिक दलले पाउने सिट सङ्ख्या निर्धारणको गृहकार्य पनि सुरु भएको आयोगले जनाएको छ । केही दिनमा यो प्रक्रियाले पूर्णता पाउने जनाइएको छ । यसैबीच बुधबार बिहान ११ बजेसम्मको समानुपातिक निर्वाचनको गणनामा एक करोड सात लाख ३९ हजार एक सय १५ मत गणना भएको निर्वाचन आयोगले जनाएको छ । गणना भएको मध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ५१ लाख ३९ हजार दुई सय ३५ सहित अग्रता कायम गरेको छ । नेपाली कांग्रेसले १७ लाख ४९ हजार पाँच सय ८३, नेकपा (एमाले) ले १४ लाख ४८ हजार आठ सय ५४, नेपाली कम्युनिष्ट पार्टीले आठ लाख पाँच हजार सात सय ७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार छ सय ४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २९ हजार चार सय ७२ मत हासिल गरेका छन् । अन्य दल थ्रेसहाल्ड कटाउने स्थितिमा देखिएका छैनन् ।

## पोखरामा नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिप चैत पहिलो साता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

कोभिड-१९ महामारी र विभिन्न प्रशासनिक तथा प्राविधिक कारणले विगत पाँच वर्षदेखि संचालन हुन नसकेको खुल्ला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिप पुनः सञ्चालन हुने भएको छ । २१ औं संस्करणको नेपाल खुल्ला प्याराग्लाइडिङ च्याम्पियनसिप आगामी चैत ५ गतेदेखि ७ गतेसम्म पोखरामा आयोजना हुने भएको नेपाल हवाई खेलकुद संस्था ना ले जनाएको छ।

पाँच वर्षपछि आयोजना हुन लागेकोप्रतियोगितामानेपालसहित हालसम्म ८ देशका ८७ जना प्याराग्लाइडिङ पाइलटहरूले अनलाइनमार्फत नाम दर्ता गराएको प्रतियोगिताका संयोजक सुनिल भट्टराईले बताउनु भयो । प्रतियोगितामा भारत, चीन, साउदी अरेबिया, उज्वेकिस्तान, इटली र लेबनानका प्याराग्लाईडिङ पाइलटहरुले सहभागि हुने गरी दर्ता गराएको उहाँले जनाउनु भयो । यसपटक प्रतियोगिता एक्युरेसी (ब्अअगचबअथ) विधामा सञ्चालन गरिने भएको छ । प्रतियोगिताको टेकअफ स्थल सराङकोट रहनेछ भने खपौदीमा ल्याण्डिङ गर्ने गरी तयारी र आवश्यक समन्वय गरिएको नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष अनिल केसीले बताउनु भयो । सम्बन्धित निकायबाट अनुमति नपाएमा तोरपानीबाट टेकअफ गरी हर्पन वा भकुण्डे क्षेत्रमा ल्याण्डिङ गर्ने वैकल्पिक योजना पनि बनाइएको उहाँले जनाउनु भयो । प्रतियोगितामा एक्युरेसीतर्फको व्यक्तिगत तथा टिम दुवै विधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ । व्यक्तिगत तथा टिमतर्फका विजेताले समान १ लाख ५० हजार रुपैयाँ, दोस्रो हुनेले १ लाख रुपैयाँ र तेस्रो हुनेले ७५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । सोलो प्याराग्लाईडिङ अनुमति रोकिएसंगै कोभिड-१९ महामारीका कारण विगत केही वर्षदेखि स्थगित रहेको प्रतियोगिता पुनः सञ्चालन हुन लागेको हो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र पोखरा महानगरपालिका प्रतियोगिताको प्रबर्द्धकका रुपमा रहेका छन भने प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा पर्यटन परिषद, नेपाल प्याराग्लाइडिङ तथा ह्याङग्लाइडिङ संघ (नेफा), नेपाल प्याराग्लाइडिङ पाइलट क्लब लगायतको सहयोग गरेको ना ले जनाएको छ।

पोखरामा व्यवसायिकरुपमा सञ्चालन भएका ६० भन्दा वढी कम्पनी रहेको र करिव ३ सय ६६ टेण्डम प्याराग्लाइडिङ पाइलट र कबिर एक सय ४० जना जसो सोलो प्याराग्लाईडिङ पाइलटहरु रहेको बताइन्छ। उक्त प्रतियोगिताले पोखराको खेल पर्यटन प्रबर्द्धन हुनुका साथै दशौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई समेत थप टेवा पुग्ने विश्वास गरिएको छ।

## महावीर पुनले पोखरामा ९ घण्टामा पुस्तक बिक्रीबाटै ८ लाखभन्दा बढी आम्दानी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन



प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक महावीर पुनले पोखरामा एकै दिन ९ घण्टामा पुस्तक बिक्री गरेर करिब ८ लाखभन्दा बढी आम्दानी गर्न सफल भएका छन् । बुधबार बिहान १० बजेदेखि साँझ ७ बजेसम्म विभिन्न स्थानमा स्वयं उपस्थित भएर उनले कुल १ हजार ४०८ प्रति पुस्तक बिक्री गरेका हुन् ।

पुनले आफ्नो जीवनकथामा आधारित आत्मकथात्मक पुस्तक बिक्री गर्दै आएका छन्। विद्यार्थीका लागि पुस्तकको मूल्य ५०० रुपैयाँ र अन्यका लागि ७५० रुपैयाँ तोकिएको छ। सोही दिनको बिक्रीबाट लाखौँ रुपैयाँ संकलन भएको उनले सामाजिक सञ्जालमार्फत जानकारी दिएका छन् । उनले देशभरि पुस्तक बिक्री गरेर २० करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको र हालसम्म करिब १२ करोड रुपैयाँ बराबरको पुस्तक बिक्री भइसकेको बताएका छन्।

पोखरामा बुधबार उनले बिहान चिप्लेढुंगा, दिउँसो सभागृह चोक र बेलुका बिरौटा चोक क्षेत्रमा स्वयं उपस्थित भएर पुस्तक बिक्री गरेका थिए। पाठकलाई उनले हस्ताक्षरसहित पुस्तक हस्तान्तरण गर्ने भएकाले पुस्तक किन्न सर्वसाधारण, विद्यार्थी तथा युवाहरूको उल्लेख्य भीड लागेको थियो ।

पुनका अनुसार पुस्तक बिक्रीबाट संकलित रकम वीरगञ्ज कृषि औजार कारखाना सञ्चालन तथा राष्ट्रिय आविष्कार केन्द्रका गतिविधिमा खर्च गरिनेछ । हाल आविष्कार केन्द्रमा किसानलाई आवश्यक पर्ने साना-साना कृषि औजार निर्माणको काम भइरहेको उनले बताएका छन् । यसैबीच, पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पुनलाई सडकमा अव्यवस्थित ढंगबाट पुस्तक बिक्री नगर्न सुझाव दिएका छन्। सामाजिक सञ्जालमार्फत ध्यानाकर्षण गराउँदै उनले पुनको अभियानप्रति सम्मान व्यक्त गर्दै पुस्तक बिक्रीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आग्रह गरेका हुन् ।

मेयर आचार्यले बिना दर्ता वा आवश्यक अनुमति सडकमा वस्तु बिक्री गर्दा कानुनी जटिलता आउन सक्ने उल्लेख गर्दै, पुस्तक बिक्रीका लागि उचित स्थान उपलब्ध गराउन पुस्तक व्यवसायी महासंघमार्फत सहयोग गर्न सकिने बताएका छन् । आवश्यक स्टक उपलब्ध गराएमा महासंघमार्फत बिक्री गरी उचित भुक्तानी दिलाउन पनि सहजीकरण गरिने उनको भनाइ छ ।

यता पुनले भने सामाजिक सञ्जालमा प्रतिक्रिया जनाउँदै सडकमा फोहोरको थुप्रो नदेख्नेहरूले आफूले पुस्तक बिक्री गरेको मात्र देखेको भन्दै प्रश्न उठाएका छन् । उनले आफ्नो फुर्सदको समयमा पुस्तक बिक्री गर्दै आएको र उक्त रकम अनुसन्धान तथा नवप्रवर्तनका काममा खर्च गरिने बताएका छन् । यसअघि सोमबार पनि पुनले पोखराका अमरसिंहचोक र पृथ्वीचोक लगायतका स्थानमा पुगेर पुस्तक बिक्री गरेका थिए । सो दिन मात्र करिब ८ सय प्रति पुस्तक बिक्री भएको बताइएको छ । सांसद भएर पनि सादा पोसाक र चप्पलमा सडकमा उभिएर पुस्तक बिक्री गर्ने पुनको शैलीले धेरैलाई प्रभावित बनाएको छ । सामाजिक सञ्जालमा यस विषयमा मिश्रित प्रतिक्रिया देखिए पनि धेरैले भने उनको अभियानलाई सहयोग गर्न स्वतःस्फूर्त रूपमा पुस्तक खरिद गरिरहेका छन् ।

## 'पश्चिम एसिया घटनाका कारण तत्कालै श्रमिक उद्धार गरिहाल्नुपर्ने अवस्था छैन'


**रासस**
काठमाडौं, २७ फागुन

परराष्ट्रमन्त्री बालानन्द शर्माले पश्चिम एसियामा देखिएको तनावले खाडी मुलुकमा कार्यरत श्रमिकलाई तत्कालै उद्धार गरिहाल्नुपर्ने स्थिति नरहेको बताउनुभएको छ।

परराष्ट्र मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले युद्ध विस्तारै शान्त हुँदै आएको 'ब्रिफिङ' गर्दै केही हवाई ट्रान्जिटमा रहनुभएका नेपाली नागरिकबाहेक श्रमिकलाई तत्कालै उद्धार गर्नुपर्ने स्थीति नरहेको जानकारी दिनुभयो ।

"हामीले सम्बन्धित द ूतावासमा पर्́त नियोगमा बुझेअनुसार तत्कालै नेपाली नागरिकलाई उद्धार गरिहाल्नुपर्ने अवस्था छैन । हामी चिन्तित हुनुपर्ने स्थीति छैन", मन्त्री शर्माले भन्नुभयो, "तर,

बाँकी अन्तिम पृष्ठमा ▶▶




## समानुपातिकतर्फ ५१ दलले कटाएनन् 'थ्रेस होल्ड'

**रासस**
काठमाडौं, २७ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनमा भाग लिएकामध्ये ५१ दलले थ्रेस होल्ड (संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन् ।

यही फागुन २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन् ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खसेको मतमध्ये कुल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सिट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ। सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो । उहाँका अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५ सहित अग्रता हासिल गरेको छ। नेपाली कांग्रेसले १७ लाख ४९ हजार ५८३, नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २९ हजार ४७२ मत हासिल गरेका छन्। यी बाहेकअन्य दलले थ्रेस होल्ड कटाउन नसकेका उहाँले बताउनुभयो। न्यूनतम मत सीमा नकटाउने दलमा जनमत समाजवादी पार्टी (जसपा) नेपालको एक लाख ७४ हजार ३१७, राष्ट्रिय परिवर्तन पार्टीको एक लाख ७१ हजार ५०१, जनमत पार्टीले ७९ हजार, एकल चिह्न चकिया (जाँतो, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल)ले ६१ हजार ६७७, नेपाल मजदुर किसान पार्टीले ४२ हजार २४६, राष्ट्र निर्माण दल नेपालले ३८ हजार ९३३, राष्ट्रिय जनमोर्चाले २९ हजार ४४२, एकल चिह्न बस (नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी)ले २८ हजार १७८, प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६१७, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले २३ हजार ८५१, मङ्गोल नेशनल अर्गनाइजेशनले २० हजार ८०६, एक चिह्न मोबाइल (आम जनता पार्टी, जनादेश पार्टी नेपाल)ले १३ हजार ४४५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो । त्यसैगरी राष्ट्रिय मुक्ति आन्दोलन नेपालले १० हजार ६९५, संयुक्त नागरिक पार्टीको ९८०, स्वाभिमान पार्टीको आठ हजार १३२, राष्ट्रिय जनमुक्ति पार्टीको सात हजार २०७, नेपाल जनता पार्टीको सात हजार १५३, राष्ट्रिय एकता दलको सात हजार ५०, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) ले छ हजार १६२, राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा ▶▶

# प्याकेजमा समेटिदै पोखरादेखि मुक्तिनाथसम्मका पर्यटकीय गन्तव्य

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ गण्डकी प्रदेशले पर्यटन यातायातका माध्यमबाट पोखरादेखि हिमालपारीको जिल्ला मुस्ताङको मुक्तिनाथसम्मका धार्मिक पर्यटकीय गन्तव्य समेट्ने भएको छ।

पोखरादेखि मुस्ताङसम्मका धार्मिक पर्यटकीय गन्तव्यलाई यही चैत १ गतेदेखि पर्यटन यातायातका माध्यमबाट समेट्न लागिएको सङ्घका अध्यक्ष दुर्गादत्त दहालले जानकारी दिनुभयो। गण्डकी प्रदेश धार्मिक पर्यटनको गन्तव्य भएको बताउँदै उहाँले यहाँको धार्मिक पर्यटनको प्रवर्द्धन र विकासलाई सङ्घले प्राथमिकतामा राखेको उहाँले बताउनुभयो।

पोखराबाट मुक्तिनाथसम्मका गन्तव्यलाई एउटै यात्रामा अवलोकन गर्न पाउने गरी सङ्घले सुलभ दरमा आकर्षक प्याकेजसहित मुक्तिनाथ दर्शनको सेवा सुरु गर्न लागेको कार्यक्रम संयोजक एवं सङ्घका निवर्तमान अध्यक्ष बाबुराम पाण्डेले जानकारी दिनुभयो।

पोखरादेखि मुक्तिनाथसम्म यात्राका क्रममा बाटोमा पर्ने धार्मिक पर्यटकीय गन्तव्यलाई एउटै प्याकेजमा समेट्न लागिएको उहाँले बताउनुभयो । "हामीले पोखरादेखि मुक्तिनाथसम्मको दुई दिने प्याकेज तयार गरेका छौँ", उहाँले भन्नुभयो, "पहिलो दिन पोखराबाट दृश्यावलोकन सहित पर्यटकहरू कुष्मा बजार, बाग्लुङ कालिका मन्दिर, गलेश्वर मन्दिर दर्शनका साथै तातोपानी, मार्फा गाउँ अवलोकन गर्दै जोमसोम पुग्नेछन् भने दोस्रो दिन जोमसोमबाट कागबेनी हुँदै मुक्तिनाथको दर्शन गरी पोखरा फर्कन्छन् ।"

प्रयोग गरिने सवारीसाधनसँगै होटलको खाना र खाजाको अवस्थाअनुसार न्युनतम दुई हजार ९९९ रुपैयाँदेखि तीन हजार ९९९, चार हजार ९९९ र पाँच हजार ९९९ रुपैयाँसम्मका प्याकेज निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो।

पछिल्ला समयमा देशका विभिन्न स्थानबाट आउने पर्यटकसँगै भारतीय पर्यटक र अन्य विदेशी मुलुकका पर्यटकहरू ठूलो सङ्ख्यामा मुक्तिनाथ पुग्ने गरेको संघका सल्लाहकार एवं पूर्वअध्यक्ष बोबरजङ्ग गुरुङले बताउनुभयो।

स्वदेशी एवं विदेशी पर्यटकको सुविधालाई दृष्टिगत गरी उक्त क्षेत्रमा सुरु गरिएको आकर्षक प्योकजसहितको कार्यक्रमले पर्यटकलाई सुविधा पुग्ने र यसले पर्यटकको आगमन बढाउने विश्वास लिइएको उहाँले बताउनुभयो । उहाँका अनुसार सङ्घअन्तर्गत आबद्ध १२४ सदस्यहरूले विभिन्न सुविधा सम्पन्न पर्यटक सवारीसाधन सञ्चालन गर्दै आएका छन् ।



मकै छर्दै किसानः
स्याङ्जाको आँधीखोला गाउँपालिकाको पर्यटकीय गाउँ सिरुबारी नजिकै त्रिवेणीमा मकै छर्दै स्थानीय कृषक ।
तस्बिर : तोलाकान्त बगाले/रासस

# कावासोतीमा हुने राष्ट्रिय भलिवलमा गण्डकी सहित १० टिमको सहभागिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

नवलपुरको कावासोती-२ स्थित कुमारवर्ती बहुमुखी क्याम्पसको भलिवल कोर्टमा बिहीबारदेखि सुरु हुने दोस्रो आमन्त्रित 'जि.एम. कप' राष्ट्रिय भलिवल प्रतियोगितामा गण्डकी प्रदेश सहित १० टिमको सहभागिता हुने भएको छ।

राष्ट्रिय खेल भलिवलको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा तीन विभागीय टोली र सातै प्रदेशका गरी १० टिमको सहभागिता रहने भएको प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताउनु भयो।

प्रतियोगितामा नेपाल पुलिस, एपीएफ र नेपाल आर्मीका विभागीय टोलीसँगै गण्डकी, कोशी, मधेश, बागमती, लुम्बिनी, सुदूरपश्चिम र कर्णाली प्रदेशका टोलीले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिता फागुन २८ गतेदेखि चैत ३ गतेसम्म सञ्चालन हुनेछ।

प्रतियोगिताका संयोजक धिरेनप्रताप गाहा मगरका अनुसार विजेताले ३ लाख रुपैयाँ, उपविजेताले २ लाख रुपैयाँ र तेस्रो हुने टोलीले १ लाख रुपैयाँ नगद पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यस्तै सान्त्वना पुरस्कार स्वरूप ५० हजार रुपैयाँ प्रदान गरिनेछ। उत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ तथा अन्य पाँच विधागततर्फका उत्कृष्ट खेलाडीलाई जनही ५ हजार रुपैयाँ नगदसहित ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ।

प्रदेश खेलकुद परिषद् गण्डकीको प्रवर्द्धन तथा जि.एम. सोसाइटी कावासोती र जिल्ला खेलकुद विकास समिति नवलपुरको आयोजनामा हुने प्रतियोगिताले राष्ट्रिय भलिवलको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ।

प्रदेश खेलकुद परिषद्का सदस्य सचिव श्रीधर शर्माले प्रदेश सरकारले खेलकुदको विकास र प्रवर्द्धनका लागि प्रतियोगितालाई सहयोग गरेको जानकारी दिनुभयो। यसपाली ३ हजार सिट क्षमताको अस्थायी प्यारापिट समेत निर्माण गरिएको छ।

# ढोरपाटनमा फैलिएको दादुरा महामारी नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ फागुन

बागलुङको ढोरपाटन नगरपालिकामा फैलिएको दादुरा नियन्त्रणमा आएको छ । उक्त दादुरा नियन्त्रणमा आएको स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो।

सङ्घ, प्रदेशबाट गएका स्वास्थ्यकर्मी तथा स्थानीय तहका स्वास्थ्यकर्मीको पहलमा दादुरा नियन्त्रणमा आएको उहाँले बताउनुभयो । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको परीक्षणमा उक्त नगरपालिकाको ७, ८ र ९ का पाँच जनामा दादुरा सङ्क्रमित पुष्टि भएको छ। उहाँका अनुसार हाल नगरपालिकामा ७४ शङ्कास्पद बिरामी छन्। चौध नमुना परीक्षणका लागि जनस्वास्थ्य प्रयोगशालामा पठाइएको उहाँले जानकारी दिनुभयो । अहिले बिरामीको बुर्तिबाङ अस्पताल र बोबाङ स्वास्थ्य चौकीमा उपचार भइरहेको छ। ढोरपाटन नगरपालिकामा दादुराविरुद्धको विशेष खोप अभियान यही फागुन २९ गतेदेखि चैत १ गतेसम्म सञ्चालन गर्ने तयारी गरिएको छ । नगरपालिकाभित्र विद्यालयमा अध्ययनरत कक्षा ६ माथिका तथा १० वर्षदेखि २० वर्ष उमेर समूहका करिब सात हजार जनालाई दादुराविरुद्धको खोप सञ्चालन गरिने उहाँले बताउनुभयो।

# 'प्रधानमन्त्री कप' गण्डकी प्रदेशस्तरीय क्रिकेट छनोट बिहीबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

'प्रधानमन्त्री कप' राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशस्तरीय पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगिता बिहीबारदेखि पोखरामा सुरु हुने भएको छ।

गण्डकी प्रादेशिक क्रिकेट सङ्घको आयोजनामा हुने उक्त प्रतियोगिता आगामी चैत ३ गतेसम्म पोखरा रङ्गशालाको क्रिकेट मैदान र लेखनाथस्थित इडन हेभेन क्रिकेट मैदानमा सञ्चालन हुनेछ।प्रतियोगिताको उद्घाटन खेल पोखरा रङ्गशाला क्रिकेट मैदानमा हुनेछ।

उद्घाटन खेलमा बागलुङ र कास्की भिड्नेछन् । प्रतियोगितामा कास्की, स्याङ्जा, बागलुङ, तनहुँ, नवलपुर र पर्वत गरी गण्डकी प्रदेशका छ जिल्लाकाबीच प्रतिस्पर्धा हुने गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताउनुभयो।

प्रतियोगितामा खेलाडीले गरेको प्रदर्शनका आधारमा उत्कृष्ट २४ जना खेलाडी छनोट गरी उनीहरूलाई बन्द प्रशिक्षणमा सहभागी गराइनेछ। प्रशिक्षण चैत ४ देखि ७ गतेसम्म पोखरा रङ्गशाला क्रिकेट मैदानमा सञ्चालन हुनेछ । खेलाडीहरूको फिटनेस परीक्षण तथा अभ्यास खेलका आधारमा पिएम कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि गण्डकी प्रदेशको टोली छनोट गरिनेछ। छनोट भएका खेलाडीहरुको क्षमता मूल्याङ्कन तथा राष्ट्रियस्तरको प्रतियोगितामा मानसिक रुपमा तयार गर्न गण्डकी प्रदेशका दुई प्रसिद्ध धार्मिकस्थल 'मुक्तिनाथ' र 'त्रिवेणी' दुई टोली गठन गरी तीन वटा अभ्यास खेल खेलाइने आयोजकले जनाएको छ।

सङ्घका अध्यक्ष सिग्देलले प्रदेशमा क्रिकेटको विकास र प्रतिभाशाली खेलाडी पहिचान गर्न छनोट प्रतियोगिता महत्वपूर्ण हुने बताउनुभयो । "गण्डकी प्रदेशमा क्रिकेट खेल विकास तथा ग्रासरुट क्रिकेट विकासका लागि छनोट प्रक्रिया महत्वपूर्ण कोशेढुङ्गा हुने विश्वास लिएका छौँ", सिग्देलले भन्नुभयो।

## समानुपातिकतर्फ ...

गौरव पार्टीले पाँच हजार २४१, नेशनल रिपब्लिक नेपालले पाँच हजार १५७, नेपालका लागि नेपाली पार्टीले पाँच हजार सात, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)ले चार हजार ८२३, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले चार हजार ६६८, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) ले चार हजार ५०८, राष्ट्रिय ऊर्जा पार्टी नेपालले चार हजार ३१२, समाजवादी पार्टी नेपालको चार हजार २४८, गतिशील लोकतान्त्रिक पार्टीले चार हजार २४८ प्राप्त गरेका छन् । नेपाल लोकतान्त्रिक पार्टीले चार हजार १००, नेपाल मातृभूमि पार्टीले दुई हजार ९७२, राष्ट्रिय जनता पार्टी नेपालको दुई हजार ९२५, बहुजन शक्ति पार्टी नेपालको दुई हजार २६६, नेपाल जनमुक्ति पार्टीले दुई हजार १६२, जनअधिकार पार्टीले दुई हजार १०५, नेपाल सद्भावना पार्टीले दुई हजार १५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो । पिपुल फष्ट पार्टी, नेपाली कांग्रेस (बिपी), नागरिक शक्ति नेपाल, नेपाल जनश्रमदान संस्कृति पार्टी, नेपाली जनता दल, समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, एकल चिह्न जगर भएको सिंह (सचेत नेपाली पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल) र जनप्रिय लोकतान्त्रिक पार्टीले दुई हजारभन्दा कम मत प्राप्त गरेका उहाँले बताउनुभयो । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ । निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू नहुने आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो । उहाँका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् ।

## पश्चिम ...

ट्रान्जिटमा परेकाहरूको हकमा उद्धार काम भइरहेको छ।"

नेपाल सरकारले 'इमर्जेन्सी रेस्क्यु' टिमलाई बलियो बनाउने तयारीमा रहेको र भविष्यमा तत्काल उद्धार गर्ने पस्थिति आए तयारी रहने मन्त्री शर्माले जानकारी दिनुभयो । मन्त्रालयले प्राप्त गरेको सूचनाअनुसार अनलाइन फर्ममार्फत असुरक्षित भएको महसुस गर्नेमा पाँच हजार जना छन्।

त्यस्तै, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले युद्धग्रस्त क्षेत्रमा कार्यरत नेपाली श्रमिक अहिलेसम्म सुरक्षित रहेको बताउनुभयो। दुबईमा कार्यरत एक जना नेपालीको मृत्यु भए पनि अहिलेसम्म त्यस्तो जोखिम पूर्ण अवस्थामा श्रमिक नरहेको उहाँले बताउनुभयो।

युद्धको बाछिटाले १५ जना श्रमिक सामान्य घाइते भएको र अहिले १४ जना उपचारपछि निको भएर काममा फर्किएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक दुई/तीन पटक फोन सम्पर्कमार्फत सम्बन्धित नियोगमा नेपाली नागरिकको अवस्थाबारे तथ्याङ्क र सूचना सङ्कलन गर्दै आएको पनि उहाँले बताउनुभयो । "हाम्रा श्रमिक हालसम्म सुरक्षित छन्", उहाँले भन्नुभयो, "नेपाल फर्किन चाहनेहरूलाई उद्धार गर्दैछौँ ।" त्यस्तै, बहराइनमा युद्ध प्रभावित दुई हजार ६०० जना सेल्टरमा छन् जसमध्ये, चार नेपालीसमेत सुरक्षित रहेको मन्त्रालयको आजको ब्रिफिङमा जानकारी दिइएको छ । पत्रकार सम्मेलनमा मन्त्रालयले १२ दिनदेखि इजराइल अमेरिका र इरानबीचको युद्धको प्रभावले असुरक्षित महसुस गरेका नेपाली नागरिकलाई सुरक्षाको मनोभाव बढाउनसमेत आवश्यक रहेको सचिव राईले बताउनुभयो। मन्त्रालयको तथ्याङ्कअनुसार खाडी मुलुकमा १७ लाख २९ जना नेपाली श्रमिक कार्यरत हुनुहुन्छ।

# दुई लाख ३७ हजार किशोरीलाई क्यान्सरविरुद्धको खोप

**रासस**
काठमाडौं, २७ फागुन

पाठेघरको मुखको क्यान्सरविरुद्धको 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप करिब दुई लाख ४० हजार किशोरीले लगाएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गत माघ २५ देखि फागुन १५ गतेसम्म सञ्चालन गरेको अभियानमा दुई लाख ३७ हजार ९७२ जना किशोरीले पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपिभी खोप लगाएको स्वास्थ्य सेवा विभाग बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले जानकारी दिनुभयो । नियमित एचपिभी खोप लगाउने दुई लाख १५ हजार ३१४ जना र गत वर्षको खोप अभियानमा छुट भएका २२ हजार ६४८ जना किशोरी रहेका छन्।


## सडक प्रयोग गर्दा ध्यान दिऔं ।

- सडक सीमा अतिक्रमण नगरौं।
- सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं।
- सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं।
- सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं।

यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
- वी. पी. कोइराला

## सम्पादकीय

# असुरक्षित नागरिकको सुरक्षा र उद्धारमा ध्यान देऊ

अमेरिका-इरान युद्धले मध्यपूर्वमा बढ्दो तनावका बिच पाँच हजार नेपाली नागरिकले आफू असुरक्षित रहेको जानकारी सरकारी संयन्त्रमा गराएका छन् । परराष्ट्र मन्त्रालयले आयोजना गरेको प्रेस ब्रिफिडमा सो जानकारी दिइएको छ । ब्रिफिडमा मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले पश्चिम एसियामा रहेका नेपाली नागरिकको अवस्था अद्यावधिक गर्न कन्सुलर सेवा विभागले सञ्चालनमा ल्याएको अनलाइन दर्ता प्रणालीमा पाँच हजारभन्दा बढीले आफ्नो विवरण टिपाएको उल्लेख गरेका छन ।

प्रवक्ता क्षेत्रीका अनुसार, पछिल्लो समय विवरण अद्यावधिक गर्ने क्रममा केही नागरिकले आफू सुरक्षित रहेको जानकारीसमेत गराउन थालेका छन् । असुरक्षित रहेका नागरिकको सुरक्षाका लागि विदेशस्थित नेपाली नियोगहरूसँग आवश्यक समन्वय भइरहेको छ । प्रवक्ता क्षेत्रीका अनुसार "विशेष गरी ट्रान्जिटमा रहेका नेपालीले बढी असुरक्षित महसुस गरेको पाइएको छ। अहिले सरकारको ध्यान आफ्ना नागरिकको सुरक्षा र उद्धारका लागि जानुपर्ने हो ।"

मध्यपूर्वको तनावबारे अध्ययन गरी सरकारलाई सुझाव दिन गठित 'इमर्जेन्सी रेस्पोन्स टिम' ले आफ्नो कार्य जारी राखेको परराष्ट्र मन्त्रालयले जनाएको छ । सरकारले जानकारी लिने मात्र होइन सुरक्षा र उद्धारका लागि तयारी थाल्नुपर्छ । परराष्ट्रमन्त्री बालानन्द शर्माका अनुसार हाल औपचारिक रूपमा करिब १९-२० लाख र अनौपचारिक रूपमा समेत गरी २५ देखि ३० लाख नेपाली नागरिक विदेशमा छन् । "यति ठूलो संख्यामा रहेका नागरिकलाई आवश्यक परेका खण्डमा उद्धार गर्नु सामान्य कुरा होइन, । यसका लागि राष्ट्रिय स्तरमै योजना र पूर्वाधार आवश्यक पर्छ, ।" सोही आवश्यकतालाई मध्यनजर गर्दै स्थापना गरिएको 'सिचुएसन सेन्टर' ले विदेशमा रहेका नेपालीको नियमित विवरण राख्ने, तथ्याङ्क सङ्कलन गर्ने र उद्धारका लागि आधार (बेस) को रूपमा काम गर्ने परराष्ट्रमन्त्रीको भनाइ छ ।

राज्यले आफ्ना नागरिकलाई अलपत्र छाड्न मिल्दैन । ३० लाख नागरिकको उद्धार गर्नुपरे पनि सरकार पछि नहट्ने प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ । ट्रान्जिटमा रोकिएका नेपालीको समस्या छिट्टै समाधान हुनुपर्नेछ । "रोजगारीका लागि गएका नेपालीको मानसिकता बुझेर सरकारले कदम चाल्नुपर्छ ।"

इजरायल र इरानबीचको युद्ध उत्कर्ष (पिक) मा पुगेर ओरालो लागिसकेको सरकारको बुझाइ छ । युद्धको तीव्रता अब बिस्तारै घट्दै जाने र त्यहाँ रहेका नेपाली नागरिक प्रत्यक्ष निसानामा नरहेकाले धेरै आत्तिनुपर्ने अवस्था नरहेको परराष्ट्र मन्त्रीको भनाइले केही सान्त्वना दिएपनि ढुक्क हुने अवस्था आउन दुवैतर्फबाट युद्ध अन्त्यको घोषणा हुनु जरुरी छ ।

# बिहीबारदेखि मौसमी गतिविधि बढ्ने

**रासस**
काठमाडौं, २७ फागुन

जल तथा मौसम विज्ञान विभागले बिहीबारदेखि मौसमी गतिविधि बढ्ने जनाएको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाले बुधबार अपराह्न ४ बजे विशेष मौसम बुलेटिन जारी गरी बिहीबारदेखि वायुमण्डलमा मौसमी गतिविधि बढ्दै जाने देखिएको तथा देशका केही ठाउँमा क्षणिक वर्षाको सम्भावना पनि देखिएकाले मौसमको हालको प्रदूषणको अवस्थामा क्रमिकरूपमा सुधार हुने सम्भावना रहेको जनाएको हो ।

महाशाखाले नेपालको उपल्लो वायुमण्डलमा उच्च चापीय मौसम प्रणाली स्थिर रही पश्चिमी न्यूनचापीय प्रणाली सक्रिय हुन नसकेको तथा वायुमण्डलको तल्लो तहमा न्यून चापीय गतिविधि बढ्न नसकेको कारणले पर्याप्त वर्षा हुन नसकी प्रदूषण वायुमण्डलको तल्लो तहमै सञ्चित रहँदा केही दिनदेखि देशका धेरै भू-भागमा तुवाँलो देखिएको उल्लेख गरेको छ ।

तुवाँलो लाग्दा स्वास्थ्यमा पर्नसक्ने असरबाट बच्न आवश्यक सुरक्षाका उपाय अपनाउन पनि विभागका सूचना अधिकारी दिनकर कायस्थले अनुरोध गर्नुभएको छ । साथै मौसम पूर्वानुमान महाशाखाले देशभरको मौसम प्रणालीलाई निरन्तर अनुगमन गरिरहेको र यस महाशाखाबाट दैनिक जारी हुने तीनदिने मौसम पूर्वानुमान बुलेटिनमासमेत सोहीअनुसार नियमित अध्यावधिक गर्दै जाने जनाएको छ ।

# ग्यासको अनावश्यक भण्डारण नगर्न र बिजुलीको खपत बढाउन निगमको आग्रह

**रासस**
काठमाडौं, २७ फागुन

नेपाल आयल निगमले पेट्रोलियम पदार्थ तथा ग्यासको आवश्यक परिमाणमा मात्र खरिद तथा प्रयोग गर्न आग्रह गरेको छ ।

निगमले बुधबार विज्ञप्ति जारी गर्दै मासिक एक सिलिन्डर खपत हुने अवस्थामा अरु सिलिन्डर नभर्न, अनावश्यक भण्डारण नगर्न र ग्यासको सट्टा बिजुलीको खपत बढाउन आग्रह गरेको हो । नेपाल पेट्रोलियम पदार्थमा पूर्ण रूपमा आयातमा परनिर्भर रहेको अवस्थामा यसको खपतमा केही सुरक्षात्मक प्रबन्ध गर्न जरुरी रहेको निगमले स्पष्ट पारेको छ । अनावश्यक रूपमा ग्यास सिलिन्डर होल्डिङ गरेको पाइएमा, बढी मूल्य लिइ ग्यास तथा पेट्रोलियम पदार्थ बिक्री गरेमा, नयाँ सिलिण्डरको बजारीकरण गरेको पाइएमा कारबाही हुने निगमले जनाएको छ ।

निगमद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "औद्योगिक प्रयोगमा पेट्रोलियम पदार्थ तथा ग्यासको खपत कम गर्ने, इन्धन तथा एलपी ग्यासको आयात र बिक्री वितरणको अवस्था नियमित भइरहेको एवं आगामी दिनमा पनि निरन्तर हुँदै जाने भए तापनि मध्यपूर्वमा देखिएको समस्याका कारण विश्वमा पर्ने प्रभावबाट नेपाल पनि अछुत हुन नसक्ने सम्भावनालाई दृष्टिगत गरी आवश्यक परिमाममा मात्र इन्धन तथा ग्यास खरिद गर्न र अनावश्यक भण्डारण नगर्न अनुरोध छ ।"

# सात महिनामा साढे १२ खर्ब रेमिट्यान्स भित्रियो

**रासस**
काठमाडौं, २७ फागुन

चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा विप्रेषण आप्रवाह ३९ दशमलव ८ प्रतिशतले वृद्धि भई रु १२ खर्ब ६१ अर्ब एक करोड पुगेको छ ।

केन्द्रीय बैंकले बुधबार सार्वजनिक गरेको चालु आव २०८२/८३ को सात महिना (२०८२ माघसम्म) को तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार विप्रेषण आप्रवाह उल्लेख्य रूपमा बढेको देखिएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह सात दशमलव प्रतिशतले बढेको थियो ।

गत माघ महिनामामा मात्र रु एक खर्ब ९८ अर्ब आठ करोड बराबर विप्रेषण भित्रिएको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु एक खर्ब ३७ अर्ब ५० करोड रहेको थियो । गत माघ मसान्तसम्ममा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३ प्रतिशतले वृद्धि भई आठ अर्ब ८६ करोड पुगेको छ । यो अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु १३ खर्ब ८४ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु नौ खर्ब ८६ अर्ब ३४ करोड रहेको थियो । त्यस्तै, यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ४५ हजार १५३ र पुनःश्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख २७ हजार ४२४ रहेको राष्ट्र बैंकले जनाएको छ ।

# एन्फा राष्ट्रिय लिग फुटबल

**रासस**
काठमाडौं, २७ फागुन

एन्फा राष्ट्रिय लिग फुटबल प्रतियोगिताअन्तर्गत बुधबारभएको खेलमा लालीगुराँस एशोसिएसन र न्युरोड टिम (एनआरटी)बीचको खेल बराबरमा सकिएको छ ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा भएको खेलमा दुवै टोलीले एक/ एक गोलको बराबरी खेल्दै अङ्क बाँडेका छन् ।

खेलको २६औं मिनेटमा एनआरटीका कप्तान अञ्जन विष्टले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यस्तै, खेलको अन्तिम मिनेटमा लालीगुराँसका आशिष गुरुङले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए ।

# रेडियो अन्नपूर्णले चैत २१ गते बृहत रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

रेडियो अन्नपूर्ण र पोखरा इन्टरनेटको संयुक्त आयोजनामा आउँदो चैत २१ गते बृहत रक्तदान कार्यक्रम आयोजना हुने भएको छ ।

रेडियोले वार्षिक कार्यक्रम तथा सामाजिक उत्तरदायित्व अर्न्तगत यसबर्ष पनि चैतको तेस्रो शनिबार "रक्तदान म पनि गर्छु" भन्ने मूल नाराका साथ २४औं बृहत खुल्ला रक्तदान कार्यक्रम आयोजना गर्ने भएको रेडियोका स्टेशन म्यानेजर संजयकुमार मल्लले जानकारी दिए । रक्तदान कार्यक्रमलाई सफल बनाउन विभिन्न समितिहरु समेत गठन गरिएको छ । बुधबार बसेको बैठकले सिता क्षेत्रीलाई संयोजक र शोभा नेपाललाई सह-संयोजकको जिम्मेवारी दिइएको छ । त्यस्तै आरजु बिष्ट "सल्यानी", राजाराम पौडेल, बिष्णु बास्तोला र सबिन रेग्मीलाई प्रचारप्रसार तथा निमन्त्रणा संयोजकको जिम्मेवारी दिइएको छ ।आर्थिक व्यवस्थापनमा नारायण पौडेल, शैलेस श्रेष्ठ,अगन्धर सुवेदी र अर्चना अधिकारीलाई जिम्मेवारी दिइएको छ । त्यस्तै कार्यक्रम व्यवस्थापकमा सञ्जय मल्ल र कञ्चन थापा रहेका छन् ,भने डिजिटल प्रचारको लागि आर्यन थापा र कृष्ण सुवेदीलाई तोकिएको छ । स्वयंमसेवक परिचालनमा रोशनी गुरुङ, बिष्णु गुरुङ र सविता कार्कीलाई जिम्मेवारी दिइएको छ ।

बैठकले प्राविधिक जिम्मेवारीमा अरविन बिक्रम राणा र अर्यान थापालाई जिम्मेवारी दिइएको स्टेशन म्यानेजर मल्लले बताए।रेडियोले गएको बर्षको रक्तदानमा १ सय ३० युनिट रगत सङ्कलन गरेको थियो ।

# पर्वतका अफ्रिकन स्वाइन, ४६ बङ्गुर मरे

**पोखरापत्र संवाददाता**
पर्वत, २७ फागुन

पर्वतका विभिन्न पालिकामा व्यावसायिक रुपमा पालिएका बङ्गुरमा अफ्रिकन स्वाइनको सङ्क्रमण बढेको छ । सदरमुकाम आसपासका क्षेत्रमा गरिएको परीक्षणमा अफ्रिकन स्वाइन फिभर पुष्टि भएपछि किसान तथा बङ्गुरपालकलाई सतर्कता अपनाउन आग्रह गरिएको छ । पर्वतमा अहिलेसम्म उक्त रोगको सङ्क्रमणका कारण ४६ वटा बङ्गुर मरिसकेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय पर्वतका अनुसार कुश्मा नगरपालिका क्षेत्रमा पालिएका केही बङ्गुरमा ज्वरो आउने, कान, पुच्छर र पेटको तल्लो भाग निलो हुने, खाना नखाने र अचानक मृत्यु हुने जस्ता लक्षण देखिएपछि परीक्षण गरिएको थियो । नमूना सङ्कलन गरी गरिएको र्‍यापिड किट परीक्षणमा अफ्रिकन स्वाइन फिभर पोजेटिभ देखिएको कार्यालयले जनाएको छ । थप पुष्टि गर्न नमूना केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशाला, पोखरा पठाइएको कार्यालय प्रमुख सुरेशकुमार श्रेष्ठले जानकारी दिनुभयो । कार्यालयले रोगको शङ्का देखिएको क्षेत्रमा अनुगमन बढाएको छ । साथै रोग फैलिन नदिन किसानलाई बङ्गुर पालनस्थल सफा राख्ने, फार्ममा नियमित रूपमा चुन, ब्लिचिङ पाउडर, फर्मालिनलगायतका औषधि प्रयोग गरी निसङ्क्रमण गर्ने, बिरामी बङ्गुरलाई छुट्टै राख्ने र फार्ममा जैविक सुरक्षा अपनाउन आग्रह गरिएको उहाँले बताउनुभयो । शङ्कास्पद अवस्थामा बङ्गुरको नमूना प्रयोगशालामा परीक्षण गराउन, मरेका बङ्गुरलाई गहिरो खाडल खनेर गाड्न वा जलाउन, घरपालुवा बङ्गुरलाई जङ्गली बङ्गुरसँग सम्पर्क हुन नदिन तथा होटल वा भान्साबाट निस्कने फोहर खुवाउन नहुने उहाँले बताउनुभयो । पर्वतका विभिन्न पालिकामा गरी ४० भन्दा बढी व्यावसायिक बङ्गुर फार्म रहेका छन् । अहिले सदरमुकाम आसपास यो रोग पुष्टि भएको र आवश्यक सतर्कता नपनाएमा अन्य क्षेत्रमा सङ्क्रमण बढ्ने खतरा रहेकोले कृषकहरुलाई सचेत हुन आग्रह गरिएको छ ।

# महिला भलिबल टोलीका कप्तान शाहीको प्रतिमा अनावरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीको गृहजिल्ला म्याग्दीको सदरमुकाम बेनीमा बुधबार स्तम्भ अनावरण गरिएको छ ।

रघुगङ्गा गाउँपालिका-३, पिप्लेमा जन्मनुभएकी शाहीले खेलकुदको माध्ययमबाट राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा जिल्लाको गरिमा बढाउन भूमिका निर्वाह गरेकामा जिल्ला खेलकुद विकास समिति म्याग्दीले उहाँको प्रतिमा निर्माण गरेको हो । दुई हातमा भलिबल रहेको पाँच फिट आठ इन्च उचाइको फाइबरबाट निर्मित प्रतिमा निर्माण गरिएको हो । उक्त प्रतिमा बेनी नगरपालिकाका प्रमुख सुरत केसीले अनावरण गर्नुभयो ।

करिब रु आठ लाख अनुमान गरिएको प्रतिमा सहयोगदाताबाट आर्थिक सहयोग सङ्कलन गरी निर्माण गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठले जानकारी दिनुभयो । करिब १५ वर्षदेखि भलिबल खेल्दै आउनुभएकी शाहीले एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्डसहित विभिन्न प्रतिष्ठित अवार्ड प्राप्त गरिसक्नुभएको छ । सन् २०१३ मा माल्दिभ्सविरुद्धको मैत्रीपूर्ण खेलबाट राष्ट्रिय टिममा डेब्यु गर्नुभएकी शाहीको कप्तानीमा नेपालले एभिसी सिनियर वुमन्स सेन्ट्रल जोनमा दुई उपाधि, दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक रजत, काभा वुमन्स भलिबल नेसन्स लिगमा रजत, च्यालेन्ज कपमा कांस्य पदक जितेको छ ।

# ढोरपाटनमा दादुरा सङ्क्रमण देखिएपछि गाउँ त्रासमा

**पोखरापत्र संवाददाता**
ढोरपाटन, २७ फागुन

बागलुङको ढोरपाटनमा दादुरा सङ्क्रमण देखिएपछि गाउँमा त्रास फैलिएको छ ।

ढोरपाटन नगरपालिका-७, ८ र ९ मा पाँच जनामा दादुरा सङ्क्रमण पुष्टि भएको छ भने ७४ जनामा शङ्कास्पद लक्षण देखिएको छ ।

पछिल्लो समय बिरामी बढ्न थालेपछि बोबाङ स्वास्थ्य चौकी र बुर्तिबाङ अस्पतालमा २६ शय्याको आइसोलेसन निर्माण गरिएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका सूचना अधिकारी देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार सङ्क्रमित बिरामीको आइसोलेसनमा राखेर उपचार सुरु गरिएको छ ।

ढोरपाटनमा दादुरा सङ्क्रमण देखिएपछि गाउँका स्थानीयमा त्रास फैलिएको बताउँदै घिमिरेले आवश्यक सचेतना अपनाउन सबैलाई आग्रह गर्नुभयो । कसैमा शङ्कास्पद लक्षण देखा परे तत्काल स्वास्थ्य कार्यालयमा सम्पर्क गर्न अनुरोध गर्दै उहाँले सङ्क्रमण रोक्न खोप अभियान सञ्चालनको तयारी गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार पाँच जनामा दादुरा सङ्क्रमण पुष्टि इसकेको छ भने १४ जनाको नमुना परीक्षणका लागि राष्ट्रिय स्वास्थ्य प्रयोगशाला टेकु काठमाडौंमा स्वाब पठाइएको छ ।

दशदेखि २० वर्ष उमेर समूहका व्यक्तिमा शङ्कास्पद लक्षण देखिएको घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "शङ्कास्पद बिरामीको खोजी र उपचारलाई तीव्रता दिएका छौं । बुर्तिबाङ अस्पताल र बोबाङ स्वास्थ्य चौकीमा बिरामीहरूको उपचार भइरहेको छ, केही बिरामी उपचारपछि घर फर्किसकेका छन् भने केहीको उपचार जारी छ ।"

यही फागुन ८ गते गाउँका केही स्थानमा सङ्क्रमणको लक्षण देखिएपछि स्वास्थ्यकर्मी गाउँमा पुगेर खोजतलास गर्नुका साथै जोखिम पहिचान, सञ्चार तथा स्वास्थ्य सचेतना र उपचार तथा निगरानी बढाइएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो ।

यस क्षेत्रमा रहेका छ हजार ७६३ जनालाई दादुराविरुद्धको खोप लगाइने उहाँले बताउनुभयो । फागुन २९ गतेदेखि आगामी चैत्र १ गतेसम्म यहाँ दादुराविरुद्धको विशेष खोप अभियान सञ्चालन गरिने प्रमुख शर्माले बताउनुभयो । गाउँभरि सङ्क्रमण फैलिएपछि यस क्षेत्रका विद्यालयसमेत बन्द गरिएको ढोरपाटनगरपालिकाले जनाएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : कार्यमा सफलता |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : शत्रुको भय | कुम्भ | : मानसिक तनाव |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : व्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# फागुन अन्तिम मंगलबार थानीमाइमा २७ फूलको डोली

**पोखरापत्र संवाददाता**
दमौली, २७ फागुन

फागुनको चौथो मङ्गलबार तनहुँको भानु-७ थानीमाई मन्दिरमा विभिन्न जिल्लाबाट २७ वटा डोली भित्रिएका छन् । तनहुँ, लमजुङ, गोरखा, चितवन र काठमाडौँबाट गरी २७ डोली मन्दिर परिसरमा भित्रिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

डोलीसँगै करिब तीन हजार भक्तजनले मन्दिरमा पुगेर देवीको दर्शन गरेका छन् । भक्तजनको ठूलो सहभागिताले मन्दिर क्षेत्रमा बिहानैदेखि धार्मिक माहोल बनेको समितिका अध्यक्ष जीवन थापा मगरले जानकारी दिनुभयो ।

सोमबार राति ८५ जना भक्तजनले मन्दिर परिसरमा रातभर जाग्राम बसेर बत्ती बालेका थिए। प्रत्येक वर्ष असोज, कात्तिक, मङ्सिर, माघ, फागुन र चैत महिनाको मङ्गलबार थानीमाई मन्दिरमा देशका विभिन्न ठाउँबाट आएका भक्तजनले फूलको डोली चढाउने गर्दछन् । उक्त महिनाको मङ्गलबार मन्दिरमा फूलको डोली चढाउन सर्वसाधारणको भीड लाग्ने गर्दछ । मन्दिरमा फूलको डोली चढाउनाले मनको इच्छा पूरा हुने धार्मिक विश्वास रहिआएको थापाको भनाइ छ । भक्तजनहरू फूलको डोली र पञ्चैबाजासहित थानीमाई मन्दिरको तीनपटक नाचगान गर्दै परिक्रमा गर्दछन् । परिक्रमापछि माथि थुम्कामा रहेको मन्दिर परिसरमा रहेका देवलहरूमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ । त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो मनोकामना भाकल पूरा भएको भन्दै पूजा अर्चना गरिन्छ । बाजागाजा र ध्वजापताकासहित थानीमाईको जयजयकारले बसन्तपुर क्षेत्र गुञ्जिने गरेको छ । सोमबार सत्यनारायणको पूजा गरी फूलको डोली तयार गर्ने र थानीमाई मन्दिरमा फूलको डोली चढाउने परम्परा रहँदै आएको छ । मन्दिरमा साउन महिना, एकादशी र औँसी बाहेकका दिनमा पूजाअर्चना हुँदै आएको छ । समुन्द्र सतहबाट एक हजार २०० मिटर उचाइमा अवस्थित यहाँबाट गोरखाको लक्ष्मी बजार, लिगलिग कोट, पालुङटार, राइनासकोटलगायत हिमश्रृङ्खलाका दृश्य देख्न सकिन्छ । विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षति पुगेको मन्दिरको पुनःनिर्माण सम्पन्न भइसकेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रु १४ लाख र मन्दिरको भेटीबाट सङ्कलित रु छ लाख गरी रु २० लाखको लागतमा मन्दिरको पुनःनिर्माण गरिएको थियो। विसं १८२५ सालबाट यस मन्दिरमा पूजाअर्चना सुरु भएको स्थानीय बताउँछन् । विसं १८२५ मा मन्दिर भएको ठाउँमा भोटिनी आमाछोरी हावाहुरी चलेपछि एक रुखमा ओत लाग्दा त्यहाँबाट अन्तरध्यान भएको किंवदन्ती रहेको र सोही समयदेखि नै उक्त स्थानमा पूजाअर्चना सुरु भएको स्थानीयवासीको भनाइ छ ।

# मानवसेवा आश्रममार्फत सयौँको पारिवारिक पुनर्मिलन

**राम थापा**
गण्डकी, २७ फागुन/रासस

मानवसेवा आश्रम सडकआश्रित मानवको उद्धारसँगै पारिवारिक पुनर्मिलनको माध्यम बनेको छ ।

परोपकारी संस्थाका रुपमा विसं २०७३ देखि औपचारिक सेवा सुरु गरेको मानवसेवा आश्रममार्फत हालसम्म दुई हजार ८०० जनाभन्दा बढीलाई पारिवारिक पुनर्मिलन गराइएको हो ।

मकवानपुरको हेटौँडामा केन्द्रीय कार्यालय रहेको आश्रमका कास्कीसहित २१ जिल्लामा ३० सेवा केन्द्र छन् । सडकबाट उद्धार गरेर आश्रममा ल्याइएका व्यक्तिको पारिवारिक पुनर्मिलनलाई पहिलो प्राथमिकता दिने गरिएको आश्रमका सह-कोषाध्यक्ष सुमिरा लामाले बताउनुभयो । पारिवारिक पुनर्मिलन सम्भव नभएकालाई आश्रममै राखेर रेखदेख र पालनपोषण गर्ने गरिएको उहाँको भनाइ छ । "सडकबाट बेवारिसे अवस्थामा उद्धार गरिएका व्यक्तिलाई पारिवारिक पुनर्मिलन गराउन सकियो भने त्यो हाम्रो महत्वपूर्ण उपलब्धी हुन्छ", सह-कोषाध्यक्ष लामाले भन्नुभयो । मानवसेवा आश्रमले हजारौँको सङ्ख्यामा सडक आश्रित मानवको उद्धार गरेकामा हालसम्म २२ सयभन्दा बढी उपचारपछि स्वेच्छिक रुपमा आश्रमबाट बाहिरिएको उहाँले बताउनुभयो । देशभर रहेका सेवा केन्द्रमा हाल दुई हजारभन्दा बढी अशक्त, बेसहारा र अभिभावकविहीनहरुले आश्रम लिइरहेको उहाँको भनाइ छ ।

आश्रमले नेपाललाई सडक आश्रित मानवरहित राष्ट्र बनाउने उद्देश्यसहित 'मानवता प्रवर्द्धन महाअभियान' सञ्चालन गर्दै आएको छ । कोही नागरिक सडकमा आश्रित हुनु नपरोस् भनेर झण्डै एक दशकअघि मानवसेवा आश्रम स्थापना गरिएको थियो । छोटो अवधिमै देशका विभिन्न जिल्लामा आश्रममा सेवा केन्द्र विस्तार गरिएको हो ।

सेवा केन्द्र विस्तारसँगै आश्रमका आफ्नै भवनलगायत संरचना बन्ने क्रम सुरु भएको छ। गण्डकी प्रदेशमा पनि कास्की, बागलुङ, लमजुङ र गोरखा शाखाको भवन निर्माणाधीन अवस्थामा छ । सरकारी निकाय, विभिन्न सङ्घसंस्था र अन्य दाताहरुको सहयोगमा आश्रमका भवन बनिरहेका हुन् । आश्रमले सडक आश्रित मानवहरुको व्यवस्थापन, औषधोपचार र पालनपोषण गर्दै आएको छ । 'सबैका लागि खाना, नाना र छाना' को आदर्श वाक्यसहित नेपाललाई सडक आश्रित मानवरहित राष्ट्र बनाउने महाअभियानमा मानवसेवा आश्रम जुटेको हो । आश्रमले तत्कालीन योजनामा आश्रमका भवन निर्माण, सडक आश्रित मानवरहित नेपाल घोषणा, मानवता अध्ययन केन्द्र स्थापना र ज्येष्ठ नागरिक मनोरञ्जन केन्द्र निर्माणलाई अघि सारेको छ ।

मध्यकालीन योजनामा विसं २०८७ भित्र मानवसेवा आश्रमलाई मानवता, परोपकार र सामाजिक विषयको अध्ययन तथा अवलोकन गन्तव्यका रुपमा विकास गर्ने र सातै प्रदेशमा मानसिक स्वास्थ्य लाभ केन्द्र (अस्पताल) स्थापना गर्ने लक्ष्य लिइएको छ ।

# निर्वाचनपश्चात् संविधानले सही बाटो समातेको छ : गृहमन्त्री

**रासस**
काठमाडौँ, २७ फागुन

गृहमन्त्री ओमप्रकाश अर्यालले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएकामा केन्द्रीय सुरक्षा समिति, प्रदेश कमाण्ड पोष्ट तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको छ ।

गृहसचिव राजकुमार श्रेष्ठ, चारवटै सुरक्षा निकायका प्रमुख, मन्त्रालयका महाशाखा प्रमुखहरू, प्रदेश कमाण्ड पोष्टका पदाधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूको सहभागितामा भर्चुअल माध्यमबाट बुधबार भएको बैठकमा निर्वाचनको समीक्षा गर्दै केन्द्रीय सुरक्षा समिति, प्रदेशको प्रमुख सचिव संयोजक रहने सातै प्रदेशका प्रदेश कमाण्ड पोष्टका पदाधिकारी तथा प्रमुख जिल्ला अधिकारी संयोजक रहने ७७ वटै जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूलाई मन्त्री अर्यालले रक्तपातविहीन ऐतिहासिक निर्वाचन सम्पन्न गर्न आ-आफ्नो भूमिका सफलतापूर्वक निर्वाह गरेकामा सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको हो । निर्वाचनपश्चात् संविधानले सही बाटो समातेको र राजनीतिक सुशासनको जग बसालिएको बताउँदै मन्त्री अर्यालले यस ऐतिहासिक उपलब्धिको हिस्सेदार केन्द्रमा रहेर काम गर्नेदेखि फिल्डमा खटिनेसम्म सबै तह र तप्कामा रहेका कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। उहाँले सबैको सामूहिक र साझा प्रयासबाट मात्र यस ऐतिहासिक उपलब्धि हासिल गर्न सम्भव भएको उल्लेख गर्नुभयो । गृहसचिव राजकुमार श्रेष्ठले सबैले आआफ्नो व्यावसायिक निष्ठा कायम गरी असल नियतका साथ फिल्डमा निष्पक्ष भई जिम्मेवारी पूरा गरेकाले अन्तरराष्ट्रिय पर्यवेक्षकबाट उच्च प्रशंसा प्राप्त गर्न सफल भएको बताउनुभयो । भर्चुअल बैठकमा सहभागी प्रदेश कमाण्ड पोष्टका पदाधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूले निर्वाचन सुरक्षा व्यवस्थापनमा गरिएको तयारीबारे आआफ्नो क्षेत्रको अनुभव सुनाउनुको साथै विगत ३० वर्षको अवधिमा भएका निर्वाचनभन्दा स्वच्छ, निष्पक्ष, भयरहित र त्रुटिरहित एकैसमयमा एकैपटक निर्वाचन भएकाले ऐतिहासिक उपलब्धि हासिल गरिएको बताउँदै यस सफलतामा गृहमन्त्री अर्यालको कुशल नेतृत्वदायी भूमिका र अभिभावकत्वको प्रशंसा गर्नुभयो ।

# गायत्री मन्दिर संरक्षणका लागि नदी नियन्त्रण योजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

रघुगङ्गा गाउँपालिका-३ स्थित कालीगण्डकी र राहुघाट नदीको दोभानमा रहेको धार्मिक पर्यटकीयस्थल गायत्री मन्दिरमा बाढी र कटान रोकथाम नियन्त्रण योजना निर्माण भएको छ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराले राहुघाट नदीमा आउने बाढीको कटानबाट जोखिममा परेको गायत्री मन्दिर परिसरको तटीय क्षेत्रमा 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण गरेको हो।

राहुघाट नदीको किनारामा ५३ मिटर दूरीमा नदीको सतहबाट दुई मिटर तलसम्म जग खनेर चार मिटर चौडाइको आरसिसी र माथिल्लो भागमा ग्याबियन भरेर पर्खाल निर्माण भएको आयोजना कार्यालयका इञ्जिनियर नरजङ गुरुङले जानकारी दिनुभयो।

आगामी असार २५ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी रु दुई करोड १३ लाख ६६ हजार ८७८ लागत अनुमान गरिएको उक्त योजनाका गत भदौ ४ गते गुरुङ बाजे मण्डली जेभीसँग रु एक करोड ४२ लाख ५३ हजार ६४६ मा ठेक्का सम्झौता भएको थियो। निर्माण कम्पनीले पर्याप्त मात्रामा उपकरण, मजदुर परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यभन्दा चार महिनाअघि काम सम्पन्न गरेको हो। नदीमा पानीको सतह घटेपछि पुस महिनामा राहुघाट नदीलाई डाइभर्सन गरेर पर्खाल निर्माण थालिएको थियो। काम थालेको दुई महिनामायोजना सम्पन्न भएको हो । गायत्री मन्दिर मुक्तिनाथ प्रवेशद्वारको रूपमा रहेको छ। साधु, सन्तहरू ध्यान तपस्या गर्न आउने यहाँ मन्दिरका साथै उद्यान र धर्मशाला छ। गायत्री मन्दिरको धर्मशालामा मुक्तिनाथ जाने तीर्थयात्रीहरूलाई बसोबासको व्यवस्था मिलाइएको छ। यस वर्ष बेनीसहित म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि म्याग्दी, पर्वत र मुस्ताङ गरेर छ वटा नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना सञ्चालन भएका आयोजना कार्यालयका प्रमुख विदुरमान श्रेष्ठले बताउनुभयो।

सम्बद्ध कम्पनीहरूले ती योजनाको निर्माण कार्यलाई बर्खाअघिनै सम्पन्न गर्ने लक्ष्यसहित तीव्रता दिएका आयोजना प्रमुख श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार ती आयोजनाहरूको कूल लागत अनुमान रु २० करोड २९ लाख ७६ हजार ८३९ रहेको छ।

# निर्वाचनका लागि स्थापना गरिएका विशेष एकाइ तथा समन्वय केन्द्र बन्द गरिने

**रासस**
काठमाडौँ, २७ फागुन

निर्वाचन आयोगले यही फागुन २१ गते सम्पन्न निर्वाचनको तयारीका लागि आयोगको केन्द्रीय कार्यालयमा स्थापना गरेका विशेष एकाइ तथा समन्वय केन्द्रहरू बन्द गरेको छ।

आयोगको मङ्गलबारको निर्णयअनुसार आजदेखि लागू हुनेगरी विशेष एकाइ र केन्द्रहरू बन्द गरिएको सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गरी निर्वाचनको समग्र व्यवस्थापन, सूचना प्रवाह, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आयोगले विशेष एकाइ तथा समन्वय केन्द्रहरू स्थापना गरेको थियो।

निर्वाचन प्रक्रियासँग सम्बन्धित सूचनाको प्रभावकारी सम्प्रेषण, सरोकार भएका निकायबीच समन्वय तथा मतदाता र सर्वसाधारणलाई आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले आयोगले गत पुस ११ गतेदेखि निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र (इआइडिसी) स्थापना गरेको थियो । त्यस्तै, मतदाता र आमसर्वसाधारणका निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि गत माघ ५ गतेदेखि 'कल सेन्टर' र सुरक्षा निकायबीच सहकार्य तथा निर्वाचन प्रक्रियाको समग्र समन्वयका लागि गत माघ ११ गतेदेखि संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) सञ्चालनमा ल्याइएकामा मतदान एवं मतगणनाको कार्य सम्पन्न भएपछि आजदेखि लागू हुनेगरी ती एकाइ र केन्द्रहरू बन्द गरिएको उहाँले बताउनुभयो ।सञ्चालन अवधिभर निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र मातहतको सूचना सदाचार प्रवर्द्धन एकाइले निर्वाचनसम्बन्धी ९९८ हानिकारक सूचना पहिचान र विश्लेषण गरी सम्बन्धित नियामक निकायमा पठाएको छ । यस्तै केन्द्र मातहतका विद्युतीय मतदाता शिक्षा एकाइले निर्वाचन प्रक्रिया, मतदाता शिक्षा तथा निर्वाचन सचेतनासम्बन्धी श्रव्यदृश्य (भिडिओ) र पोस्टर गरी ७०४ वटा सामग्री निर्माण गरी आयोगको डिजिटल प्लेटफर्मबाट प्रकाशन तथा प्रसारण गरेको छ । प्रेस कार्यालयले आयोगका काम कारबाहीको सूचना प्रवाह, सञ्चारमाध्यमसँगको समन्वय र प्रेस ब्रिफिङ, दैनिक पत्रपत्रिकाका सामग्री विश्लेषण, आचारसंहिताविपरीतका सामग्री पहिचान र कारबाहीका लागि सिफारिस तथा मतदाता शिक्षाका सामग्री निर्माण गरेको छ । साथै कल सेन्टरले मतदाता नामावली, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता तथा निर्वाचन प्रक्रियाका अन्य विषयसमेत गरी आम मतदाताका आठ हजार २२० जिज्ञासाको सम्बोधन गरेको आयोगले जनाएको छ।

संयुक्त निर्वाचन सञ्चालन केन्द्रले मतपत्र र निर्वाचन सामग्री ढुवानीमा सुरक्षा समन्वय तथा ट्र्याकिङ गर्ने, हवाई ढुवानी कार्ययोजनाको तयारी र कार्यान्वयन एवं समन्वय, मतदान केन्द्रसम्म मतपत्र र निर्वाचन सामग्री ढुवानीको ट्र्याकिङका साथै निर्वाचन सुरक्षासम्बन्धी विभिन्न सूचना सङ्कलन, विश्लेषण, समन्वय र प्रतिवेदनलगायतका काम त्रुटिरहित तवरले सम्पादन गरी निर्वाचन सुरक्षा समन्वय र व्यवस्थापनलाई प्रभावकारी बनाउन सक्रियतापूर्वक कार्यसम्पादन गरेको छ।

निर्वाचन अवधिमा केन्द्र र मातहतमा रही समन्वय, सूचना व्यवस्थापन तथा सेवा प्रवाहमा प्रत्यक्ष एवं परोक्ष रूपमा संलग्न भएकोमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तथा सम्बन्धित कार्यमा खटिनुभएका विज्ञ तथा सम्पूर्ण कर्मचारीहरूको समर्पण, दक्षता र सक्रियताप्रति आयोगले धन्यवाद तथा आभार व्यक्त गरेको छ।

# प्रथम कालीपुल कप बास्केटबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ फागुन

यहाँको बेनी नगरपालिका-८ मा आजदेखि रु एक लाख बढी पुरस्कार राशिको प्रथम कालीपुल कप बास्केटबल प्रतियोगिता सुरु भएको छ।

युनाइटेड क्लबको आयोजनामा फागुन ३० गतेसम्म सञ्चालन हुने प्रतियोगिताको बेनी नगरपालिका प्रमुख सुरत केसीले उद्घाटन गर्नुभयो । ११ समूह सहभागी प्रतियोगितामा विजेता र उपविजेतालाई ट्रफी, मेडलसहित नगद रु एक लाख ११ हजार १११ र रु ५५ हजार ५५५ नगद पुरस्कार प्रदान गरिने



क्लबका अध्यक्ष अनिष गौचनले जानकारी दिनुभयो।

विभिन्न विधामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीलाई पनि पुरस्कृत गरिने उहाँले बताउनुभयो । विधागत उत्कृष्ट खेलाडीलाई नगद रु दुई हजारका दरले पुरस्कार प्रदान गरिने क्लबका अध्यक्ष गौचनले बताउनुभयो।

# मादीमा मत्स्य संरक्षण परियोजना कार्यान्वयन

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ फागुन

तनहुँ जलविद्युत् आयोजनाले मादी नदी क्षेत्रमा जैविक विविधता संरक्षण परियोजना कार्यान्वयन प्रारम्भ गरेको छ।

परियोजनाअन्तर्गत मत्स्य ह्याचरी सञ्चालन र मादी नदी मत्स्य संरक्षण करिडोर विशेष वन क्षेत्र निर्माणको तयारी थालिएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । आयोजनाअन्तर्गत मादी नदीमा प्रस्तावित मत्स्य संरक्षण करिडोर विशेष वन क्षेत्र कार्यान्वयनको तयारी पनि प्रारम्भ भएको छ । दुवै आयोजनाबारे तनहुँ हाइड्रोपावर लिमिटेड, वातावरणीय तथा सामाजिक व्यवस्थापन सेवा प्रदायकका राष्ट्रिय तथा अन्तरराष्ट्रिय विज्ञ परामर्शदाता तथा एडिबीका जलविद्युत् परामर्शदाताबीच योजना कार्यान्वयनका विभिन्न पक्षमा छलफल भएको भण्डारीले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, भयश्वरी आ.वि. स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भयश्वरी आ.वि. स्तरोन्नति
ठेगानाः पोखरा-१४
योजना सम्झौता मिति : २०८२/०८/०२ गते
योजना सुरु मितिः २०८२/०८/०९ गते
योजनाको कुल लागतः रु. १०,००,०७४.७७
महानगरपालिकाबाटः रु. ९,००,०००|-
जनसहभागिताबाटः रु. १,००,०७४.७७
उपभोक्ता समिति अध्यक्षः रन्जित कार्की
उपभोक्ता समिति सदस्यः ५ जना महिलाः १ पुरुषः ४ जना

**भयश्वरी आ.वि. स्तरोन्नति उपभोक्ता समिति**
**पोखरा-१४**